# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) मुकामः बुटवल, मंसिर ०७ गते, २०७७ साल (संख्या २०

# भाग ३

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०७।२३ को निर्णयानुसार "प्रदेश राजपत्र प्रकाशन सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७७" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधिलाई संशोधन गर्न बनेको कार्यविधि

**<u>प्रस्तावनाः</u>** प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधिमा संशोधन गर्न वाञ्छनीय भएकाले प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी,

लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम, प्रारम्भ र विस्तार</u>** : (१) यस कार्यविधिको नाम "प्रदेश राजपत्र प्रकाशन सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **<u>प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधिको अनुसूची-१ मा संशोधनः</u>** प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधिको अनुसूचि-१ को सट्टा देहायको अनुसूचि-१ राखिएको छ ।

अनुसूचि-१

प्रदेश राजपत्रको ढाँचा

**प्रदेश राजपत्र**

**लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित**

खण्ड ..) मुकामः बुटवल महिना ... गते, ... साल (संख्या .../अतिरिक्ताङ्क...

**भाग १, २ र ३**

**........... प्रदेश सरकार**

**............. मन्त्रालयको**

**सूचना**

**आज्ञाले,**
**नाम**
**पद**

**आज्ञाले,**
**रविलाल पन्थ**
**प्रदेश सचिव**